# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश

✉ ppsckarnali@gmail.com,
info.ppsc@karnali.gov.np
वीरेन्द्रनगर, सुर्खेत

## प्रतिक चिन्ह (लोगो) डिजाइन सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८०।१०।१८

यस आयोगको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउने गरी आयोगको मिति २०८०।१०।१७ को निर्णय बमोजिम लोगो निर्माणको लागि यो सूचना प्रकाशन गरिएको छ। खुला प्रतिस्पर्धात्मक विधिबाट लोगोको छनौट गरिने र छनौट हुने लोगोका डिजाइनकर्तालाई पुरस्कार स्वरूप रु. ४०,०००।- (कर सहित) (अक्षेरूपी चालीस हजार मात्र) र प्रमाणपत्र प्रदान गरिने भएकोले इच्छुक व्यक्तिहरुलाई आफूले देहाय बमोजिमका शर्तहरुको पालना गर्दै निर्माण गरेको प्रतिक चिन्ह (लोगो) र पेश गर्नुपर्ने भनी तोकिएका कागजातहरु सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा यस आयोगको कार्यालय, सुर्खेतमा पेश गर्न वा info.ppsc@karnali.gov.np मा पठाउनुहुन यसै सूचना मार्फत आह्वान गरिन्छ।

**शर्तहरुः**

१. कर्णाली प्रदेशको चिनारी झल्कने कुनै सांकेतिक चिन्हको प्रयोग गरेको हुनुपर्नेछ,
२. प्रतिक चिन्ह (लोगो) अधिकतम ३ (तीन) से. मी. व्यास भएको हुनु पर्नेछ,
३. ज्ञानको संकेत गर्ने चिन्हको प्रयोग गरेको हुनु पर्नेछ,
४. आयोगको मूल मर्म (योग्यता, निष्पक्षता र स्वच्छता) आत्मसाथ हुने गरी लोगोको डिजाइन गरेको हुनु पर्नेछ,
५. प्रदेश लोक सेवा आयोगको कार्य प्रकृति अनुरुपको लोगो निर्माण भएको हुनु पर्नेछ,
६. लोगो कलात्मक र मापन योग्य (Scalable) हुनु पर्नेछ,
७. छनौट भएको लोगोको सम्पूर्ण अधिकार यस आयोगको हुनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाइने छैन,
८. प्रतिक चिन्ह (लोगो) छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहनेछ,
९. मूल्याङ्कन समितिबाट परिमार्जन सुझाव आएमा परिमार्जित डिजाइन स्वीकृत गर्न सकिनेछ ,
१०. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिनमा कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिनेछ। म्याद नाघी आएका रितपूर्वक नआएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

**प्रतिक चिन्ह (लोगो) को प्रस्तावदाताले प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरूः**

१. रङ्गिन र श्यामश्वेत एक/एक प्रति A4 कागजमा गरिएको प्रिन्ट पाना,
२. पेन ड्राईभमा वा आयोगको माथि उल्लेखित ईमेल ठेगानामा डिजाइनको Soft Copy,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. मौलिक सिर्जना हो कसैको नक्कल गरेको होइन भन्ने स्व-घोषणा,
५. डिजाइन कर्ताले प्रयोग गरेका चिन्ह, रङ्ग, आकार र अक्षर प्रयोग गर्नुको कारण खुलाइएको व्याख्यात्मक विवरण ।

**थप जानकारीको लागि सम्पर्कः**

**प्रदेश लोक सेवा आयोग**

**कर्णाली प्रदेश, सुर्खेत**

**सम्पर्कः** E-mail: info.ppsc@karnali.gov.np, Website: www.ppsc.karnali.gov.np

सम्पर्कः०८३-५९०३००, ०८३-५९०३०६